दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २१४ | बुटवल | २०८१ साउन १६, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday July 31, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



सूर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका
क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेट
लगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी
रोगहरु ,हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षययोग,
निमोनिया श्वासप्रश्वास सम्बन्धी दीर्घकालीन
रोग लाग्न सक्दछ।
त्यसैले सूर्तीजन्य पदार्थ सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बुटवलको बेरूजु ४२ करोड

**लुम्बिनीका ४ उप-महानगरसहित १०९ स्थानीय तहमध्ये बुटवलको बेरूजु सबैभन्दा धेरै छ । महालेखा परीक्षकको प्रतिवेदनअनुसार २०७९/०८० मा मात्रै १८ करोड ६ लाख ४१ हजार बेरूजु देखिएको छ। त्यसअघिको २४ करोड ४४ लाख ९५ हजार समेत जोड्दा हालसम्मको बेरूजु ४२ करोड ४६ लाख ११ हजार पुगेको हो।**

**टिआर शर्मा**
*बुटवल*



लुम्बिनीका एक सय ९ स्थानीय तहमध्ये सबैभन्दा धेरै बेरूजु बुटवल उप-महानगरको छ। महालेखा परीक्षकको ६१औं वार्षिक प्रतिवेदनअनुसार बुटवल उप-महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को कूल बजेटको ४ अर्ब ४६ करोड ३० लाख ३६ हजार रुपैयाँको लेखा परीक्षण गर्दा १८ करोड एक लाख १६ हजार रुपैयाँ बेरूजु देखिएको हो। यो लेखापरीक्षण भएको कूल रकमको ४.०४ प्रतिशत हो। यति ठूलो रकम बेरूजु प्रदेशका अरु कुनै पालिकाको छैन।

प्रदेशमै धेरै बेरूजु देखिएको बुटवल उप-महानगरको अनियमितर प्रमाण नपुगेका खर्चको पनि चाङ देखिएका छन्। अनियमित खर्च भएको मध्ये सबैभन्दा धेरै कर्मचारी अवकास कोषमार्फत् खर्च देखाइएको ३ करोड ६३ लाख ५० हजार छ भने स्वास्थ्यतर्फ करारमा २३ जना कर्मचारी नियुक्त गरी गरिएको एक करोड ५१ हजार रुपैयाँ खर्च नियमसम्मत नदेखिएको महालेखाले भनेको छ। यस्तै दरबन्दीभन्दा २३ जना बढी कर्मचारीलाई काजमा राखी वार्षिक १ करोड ७२ लाख ७९ हजार २ सय ६९ रुपैयाँ खर्च लेखी बढी व्ययभार पारेको छ। प्रमाण पुग्ने कागजात पेश नभएको खर्चहरुमा परामर्शदातामा गरिएको खर्च सबैभन्दा धेरै एक करोड १७ लाख ५० हजार छ।

उप-महानगरले तिनाउ र दानव नदीमा जम्मा भएको ढुङ्गा, गिट्टी, बालुवा निकाल्नको लागि परिमाण एकिन गर्न आइइको लागि माउन्टेट थट्स प्रा.लि. लाई ४ लाख ८० हजार २५० र बी.बी. इञ्जिनियरिङ कन्सल्टेन्सीलाई ४ लाख ५२ हजार भुक्तानी दिएको छ। अध्ययन प्रतिवेदनमा आर्थिक वर्ष २०७९/०८० मा तिनाउ नदीबाट ढुङ्गा, बालुवा, गिट्टी ४३५९५९३ क्यु फिटको राजस्व रु. ७ करोड ८४ लाख र दानव नदीको बगरबाट ढुङ्गा, गिट्टी १३९०७८४ क्यु फिट राजस्व रु. २ करोड ५० लाख समेत जम्मा रु. १० करोड ३४ लाखको ढुङ्गा, गिट्टी निकाल्न सकिने प्रतिवेदनमा उल्लेख छ। आइइ प्रतिवेदनअनुसार ढुङ्गा, गिट्टीको ठेक्का नगर्दा १० करोड ३४ लाखको आम्दानी घटेको, तर नदीमा भएका ढुङ्गा गिट्टी चोरी निकासी हुन नदिन आन्तरिक नियन्त्रण नगरेको महालेखाले औंल्याएको छ।

तिनाउ र दानवबाट कति क्यु.फिट ढुङ्गा गिट्टी निकाल्न सकिने भनि परामर्शदाताबाट अध्ययन गर्ने, तर ठेक्का नगर्नुको कारण उल्लेख नगर्नुले यो विषय शंकास्पद र अपरादर्शी रहेको सरोकारवालाहरुको भनाइ छ। नदीजन्य पदार्थको काम गर्ने व्यवसायीहरुका अनुसार ठेक्का नलाउनुका पछाडि ठूलो आर्थिक चलखेल हुनसक्छ।

बुटवल उप-महानगरमा आर्थिक वर्ष २०७९/०८० मा विभिन्न शीर्षकको ९ करोड ८८ लाख ७९ हजार ३४३ रुपैयाँ खर्च अनियमित देखिएको छ। महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन अनुसार बुटवल उपमहानगरको ४ अर्ब ४६ करोड ३० लाख ३६ हजार रुपैयाँको लेखा परीक्षण गर्दा १८ करोड एक लाख १६ हजार रुपैयाँ बेरूजु छ। जुन कूल रकमको ४.०४ प्रतिशत हो। यस्तै उप-महानगरले विभिन्न फर्म र कम्पनीलाई बढी भुक्तानी गरेको ४ करोड १३ लाख ७९ हजार ६ सय ८३ रुपैयाँ असुल गर्नुपर्ने महालेखाले औंल्याएको छ। यस्तै उप-महानगरले दिएको भनिएको अनुदान खर्च गरेको प्रमाण पुग्ने कागजात नभएको बेरूजु रकम ३ करोड ६८ लाख ४ हजार एक सय ५० रुपैयाँ देखिएको छ। ३४ जना कर्मचारीलाई बाँडेको ९६ लाख ९७ हजार ८ सय १४ रुपैयाँ पेश्की रकम समेत बेरूजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

अनियमित खर्च भएको मध्ये सबैभन्दा धेरै कर्मचारी अवकास कोषमार्फत् खर्च देखाइएको ३ करोड ६३ लाख ५० हजार रकम रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। स्थानीय सेवासम्बन्धी कानुन हालसम्म नबनेको अवस्थामा बुटवल उप-महानगरले वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा ५ करोड बजेट रकमान्तर गरेको छ। कोष सञ्चालनसम्बन्धी कुनै ऐन कानुन नबनाइ समानीकरण अनुदानबाट सोझैँ कर्मचारी अवकास कोषमा रकमान्तर गर्नु अनियमित भएको महालेखाले औंल्याएको छ। यस्तै सामुदायिक विद्यालयका विद्यार्थीको दिवा खाजामा २ करोड २४ लाख ६ हजार अनियमित खर्च भएको महालेखाले औंल्याएको छ।

दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।

अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षासम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने उल्लेख छ, तर दिवा खाजाका लागि विद्यार्थीलाई नगद रकम उपलब्ध गराउन नपाइने व्यवस्था छ। तर बुटवलले ३४ विद्यालयहरुलाई २ करोड ५९ लाख ७९ हजार उपलब्ध गराएकोमा ९ विद्यालयहरुले मात्र ४५ लाख ७२ हजार बराबरको खाजा व्यवस्थापन गरी बाँकी २५ विद्यालयहरुले माथि उल्लेखित व्यवस्था बमोजिम दिवा खाजाको व्यवस्थापन नगरी विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका विपरीत नगदै उपलब्ध गराएको देखिएको छ।

**नियम विपरीत स्वास्थ्यमा मात्रै २३ जना करार कर्मचारी नियुक्त**

यस्तै उपमहनगरले विभिन्न पदमा करार कर्मचारी राखी ३ करोड ८४ लाख ३१ हजार खर्च लेखेको छ। जसमध्ये स्वास्थ्यतर्फका सहायक पाँचौ पब्लिक हेल्थ नर्स, ल्याव अस्सिटेन्ट, अनमी पदमा करारमा २३ जना नियुक्त गरी एक करोड ५१ हजार ५७४ रुपैयाँ खर्च नियमसम्मत नदेखिएको र अनियमित भएको महालेखाले भनेको छ। यस्तै नगरप्रमुख खेलराज पाण्डेयको सचिवालयका कर्मचारी, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी पहिलो संशोधन ऐन २०७७ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख भए पनि नगर प्रमुखको सचिवालयमा प्रेस सल्लाहकार १ जना, सहायक कम्प्युर १ जना, सवारी चालक १ जना र कार्यालय सहयोगी १ जना समेत ४ जना कर्मचारी नियुक्त गरी १५ लाख ५४ हजार ४७५ रुपैयाँ खर्च लेखेको छ। स्थानीय तहका पदाधिकारीको सेवा सुविधासम्बन्धी ऐन विपरीत सचिवालय सदस्य नियुक्त गरी खर्च गर्नु अनियमित भएको महालेखाको प्रतिवेदनमा छ।

**दरबन्दीभन्दा बढी काजमा**

स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८ (ख) मा सार्वजनिक निकायले कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ।

त्यस्तै कर्मचारी समायोजन ऐन २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरबन्दी पूर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरबन्दी कायम भएका सम्बन्धित सेवा समूहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसँग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ। स्वास्थ्य सेवाको लागि स्वीकृत दरबन्दीअनुसार जनशक्तिको पदपूर्ति रहेको अवस्थामा दरबन्दीभन्दा २३ जना बढी कर्मचारीलाई काजमा राखी वार्षिक १ करोड ७२ लाख ७९ हजार २ सय ६९ रुपैयाँ खर्च लेखी बढी व्ययभार पारेको छ।

» बाँकी २ पेजमा

# समानुपातिकले अस्थिरता भयो भन्ने कांग्रेस -एमालेको तर्क गलत : शेरचन




बुटवल। लुम्बिनी प्रदेशका पदमुक्त प्रदेश प्रमुख अमिक शेरचनले कांग्रेस र एमालेले समानुपातिक व्यवस्थाले अस्थिरता ल्याएको तर्क गरेकोमा त्यो गलत भएको बताएका छन्।

उनले पञ्चायतकालदेखि २०४८ को आम निर्वाचन पछिका सरकार पनि स्थिर नभएको उदाहरण दिँदै समानुपातिक प्रणालीका विषयमा हचुवाका भरमा अपव्याख्या नगर्न आग्रह गरे। '२०५१ सालमा नेपाली कांग्रेसको बहुमतको सरकारको पालामा पनि अस्थिरता थियो, त्यति बेला समानुपातिक व्यवस्था थिएन त्यसैले समानुपातिक व्यवस्थाका विषयमा गम्भीर भएर सौँच्नुपर्छ।'

-शेरचनले भने। शेरचनले संघीय सरकारले प्रदेश प्रमुख पदको गरिमा राख्न नसकेको गुनासो समेत गरे। केन्द्रमा राजनीतिक परिवर्तन हुनेवितिकै प्रदेश प्रमुखलाई विना जानकारी पदमुक्त गर्ने परिपाटी गलत भएको उनले बताए। संघीय मन्त्रिपरिषद् बैठकले लुम्बिनी प्रदेशमा नयाँ प्रदेश प्रमुख नियुक्त गरेपछि मंगलबार बुटवलमा पत्रकार सम्मेलन गर्दै शेरचनले प्रदेश प्रमुखको सम्मान नभएकोमा आपत्ति जनाए। उनले केन्द्रीय सरकारले राजीनामाको मौका समेत नदिएको बताए।

संविधानलाई राजनीतिक दलहरुले उल्लंघन गर्ने गरेकाले आफू प्रदेश प्रमुखका रुपमा नरहने घोषणा गरेर जानुअघि पत्रकार सम्मेलन गरेको उनले बताए।

» बाँकी ३ पेजमा

# मोतीपुर खानेपानीमा तालाबन्दी, सामान खरिदमा अनियमितता आरोप :

» समाचार ४ पेजमा




## सम्पादकीय

# नमूना गुल्मी कारागार

गुल्मी जिल्ला कारागारका कैदी बन्दीले बनाएका फर्निचर र हस्तकलाका सामग्रीको कारोबार ८ करोडको हुन्छ। गुल्मी कारागारका अधिकांश कैदी बन्दीले कुनै न कुनै काम गर्छन्। फर्निचरलगायत सीप भएकाले मासिक ३२ हजारसम्म कमाउँदै आएका छन्। सीप नभएका तर काम गर्न जाँगर भएका तथा सीप सिक्न इच्छुकले मासिक ८ हजार कमाउँदै आएको कारागार प्रशासनका अधिकारीहरुको भनाइ छ।

कुनै अपराधको अभियोगमा संलग्न भएको अभियोगमा मुद्दाको किनारा नलाग्दासम्म प्रहरी हिरासत हुँदै बन्दी कारागारमा पुग्छन्। मुद्दाको टुंगो लागेपछि अदालतले गरेको फैसलाअनुसार सजाय भुक्तान गर्न कारागारमा कैदी बस्छन्। कारागारको चौघेराभित्र कैदी बन्दी कामै नगरी बसेर सजाय भोग्दा उनीहरुमा मानसिक समस्या देखिने जोखिम छ। कारागारबाट निस्केपछिको अनिश्चित जीवनले पनि उनीहरुलाई पिरोलिरहेको हुन्छ। कारागार सुधार गृह हुनुपर्ने हो, तर कारागार अपराधलाई झन संस्थागत गर्ने थलो भए भनेर आलोचना हुँदै आएको छ। कारागारबाट निस्केपछि झन जघन्य अपराधमा संलग्न भएका कतिपय उदाहरण छन्।

जब कारागारलाई सुधार गृहको रुपमा लिइन्छ, कारागारमा बस्नेहरुलाई विभिन्न काममा लगाइन्छ, त्यहाँ श्रृजनशिल काम हुन सक्दोरहेछ भन्ने एउटा उदाहरण हो, गुल्मी कारागार। कारागारमा कामै विना समय गुजार्नुपर्दाको पीडाबाट गुल्मी कारागारका बन्दी कैदी मुक्त छन् नै, कारागारबाट निस्कदा केही पैसा लिएर निस्कन पाएका छन्। कारागारमा खाना र बासको पैसा नलागेपछि काम गरेर कमाएको पैसा बचत गर्न संभव भयो। यसले अनिश्चित भविष्यको चिन्ताबाट पनि उनीहरु मुक्त छन्। देशभरका कारागारलाई गुल्मी कारागारमा झैं काम गर्न पाउने वातावरण बनाउने हो भने कारागार सुधार गृह बन्ने निश्चित छ।

कारागार सुधारका लागि दशकअघि तत्कालीन गृहमन्त्री वामदेव गौतमले अपराधशास्त्री डा. युवराज संग्रौलाको नेतृत्वमा कारागार सुधार कार्यदल गठन गरेका थिए। संग्रौलाको कार्यदलले बुझाएको प्रतिवेदनमा बाँकेमा कृषि फार्मिङसहितको खुला कारागार बनाउने, त्रिशुलीमा औद्योगिक कारखानासहितको कारागार बनाउने र भीमफेदीको कारागारलाई स्तरोन्नति गर्ने सुझाव दिएको थियो। बाँकेको खुला कारागारमा साना–साना घर बनाउने, त्यही घरमा परिवारसँग केही दिन बिताउन समेत दिने र उनीहरुलाई खेतीपातीमा लगाउने तथा त्रिशुलीको औद्योगिक कारखानासहितको कारागारमा औद्योगिक उत्पादनमा लगाउने कार्यदलको प्रतिवेदनमा उल्लेख छ। यो प्रतिवेदन कार्यान्वयनमा ल्याइएन्। कारागार सुधारका लागि दिशानिर्देश गरेको यो प्रतिवेदन गृहमन्त्रालयमा थन्काएर राखिएको छ। देशभरका कारागारलाई सुधार गृहको रुपमा विकास गर्न संग्रौला कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक छ। गुल्मी कारागारले गरेको उद्यमशिलताको विकासबाट अरु कारागारले पनि सिक्नुपर्छ, यसो गर्दा कारागार सुधारगृह हुन्छन्, मानवअधिकारमैत्री हुन्छन्।

# बुटवलको बेरूजु पुग्यो ४२ करोड, प्रदेशमै बढी

स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी काजमा राखी खर्च लेखेको अनियमित देखिएको महालेखाको प्रतिवेदनले औंल्याएको छ।

यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था विपरीत नगर प्रमुख खेलराज पाण्डेयले आफू निकट व्यक्ति आबद्ध संस्थालाई बाँडेको १९ लाख ५० हजार मेला पर्व व्यवस्थापन शीर्षकमा अनुदान दिएको नियमसम्मत नदेखिएको महालेखाले भनेको छ।

जसमा बुद्ध सामुदायिक टेलिभिजनलाई उपकारण खरिद गर्न २ लाख, थारु कल्याणकारी सभालाई २ लाख, बोलबम धामलाई ३ लाख, शिवकुमारी सैंजु वृद्ध आश्रमलाई २ लाख, बीपी कोइराला स्मृति प्रतिस्थानलाई ३ लाख र मुक्तिनाथ धामलाई ७ लाख ५० हजार बाँडेका थिए।

यस्तै आदिवासी जनजाति महासंघ बुटवललाई भेषभुषा संरक्षणका लागि भन्दै दिएको ६ लाख रुपैयाँ पनि अनियमित भएको छ।

यस्तै नक्सा डिजिटाइजमा १९ लाख ३७ हजार खर्च अनियमित देखिएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा सार्वजनिक निकायले २० लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा खरिद गर्न खुला रुपमा कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रियस्तरको पत्रिकामा सूचना तोकिए बमोजिमको कुराहरु खुलाई सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था विपरीत उपमहानगरले २० लाखभन्दा केही सय रुपैयाँ कमको लागत मूल्य तयार गरी सिधैं प्रस्ताव माग गरी खर्च लेखेको छ। बुटवल उप-महागरपालिका क्षेत्रभित्रका वडा नं. १ देखि १९ वडामा रहेका पुराना घरका नक्सा पास भएका १० हजार थान डिजिटाइज गर्न लागत अनुमान १९ लाख ९९ हजार ४१३ रुपैयाँ तयार गरी प्रस्ताव माग गरी परामर्शदाता नव्स टेक्नोलोजि प्रा. लि. सँग १९ लाख ७६ हजार ३७० रुपैयाँमा सम्झौता गरी खर्च लेखेको छ।

यस्तै औषधि खरिदमा सार्वजनिक खरिद ऐन विपरीत खरिद गरेर २८ लाख ३५ हजार अनियमित खर्च भएको महालेखाको प्रतिवेदनमा छ।

यस्तै नगरभाबाट स्वीकृत कार्यक्रममा बिनियोजन गरेको बजेट स्वीकृत कार्यक्रममा मात्र खर्च गर्नुपर्नेमा वडा नं. १४ को लक्षित क्षेत्रको लागि नगरसभाबाट स्वीकृत गरेकोलाई वडा समितिको निर्णयबाट वडा स्तरीय सडक ग्राभेल गर्ने निर्णय गरी ५ लाख ३६ हजार ४६ रुपैयाँ खर्च गरेको छ। यो खर्च नियमसम्मत नदेखिएको प्रतिवेदनमा छ। यस्तै संघीय सरकार मातहतको कार्यालय वडा नं. १२ र १३ को प्रहरी चौकीको घरभाडा र विद्युत् बापतको रकम ३ लाख ६० हजार उपमहानगरको खर्चमा लेखेकोले नियमसम्मत नदेखिएको अनियमित भएको प्रतिवेदनमा उल्लेख छ।

यस्तै राष्ट्रिय पार्क सम्मेलनका नाममा मणिमुकुन्द सेन उद्यानलाई दिएको ५ लाख अनुदानलाई पनि महालेखाले अनियमित भनेको छ।

यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमका नाममा भएको २४ लाख ८० हजार खर्च पनि अनियमित देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। स्थानीयस्तरमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराई नागरिक जीवनयापन सुधार ल्याउने उद्देश्यले सञ्चालित उक्त कार्यक्रमको बजेट सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको अनियमित देखिएको महालेखाले औंल्याएको छ।

**असुल गर्नुपर्ने :**

नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखाका प्रमुखसहित ७ जनाले कार्यक्षेत्रभित्रका विद्यालय ८ पटक अनुगमन गरेको भन्दै दैनिक १२ सय रुपैयाँका दरले ८७ हजार ३ सय भत्ता बुझेकामा उक्त कार्य गैर कानुनी भन्दै सो रकम असुल गर्न महालेखाले भनेको छ।

यस्तै पशुवधशाला निर्माणमा निश्चित बजेट विधिको स्रोत सुनिश्चितता बिना बढी प्रस्ताव गरी खर्च गर्न नपाउने नियम विपरीत खर्च भएको ९६ लाख ८३ हजार ९ सय ४८ रुपैयाँ असुल गर्न महालेखाले भनेको छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्यसम्पादन वा निश्चित बजेट खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था विपरीत २०७९ असार २० मा सम्पन्न गर्ने गरी २०७७ असार १ मा शिवशक्ति निर्माण सेवा बानेश्वरसँग २२ करोड १३ लाख ३५ हजार ९९६ मा मूल्य समायोजन बाहेक इ.ओ.आइ.बाट मूल्य स्वीकृती भएकोमा व्यवसायीले समय अवधि २०७९ पुस २९ सम्म छ महिना म्याद थप गरी मु.अ.कर र पि.एस. बाहेक १९ करोड ५३ लाख ८१ हजार ४१२ मा काम सम्पन्न गरेकामा व्यवसायीको प्रस्ताव २४ करोड ४० लाख ३० हजार ३३१ रुपैयाँ गरी २३ करोड ९६ लाख ८३ हजार ९४८ रुपैयाँ उप-महानगरले भुक्तानी गरेको छ। आर्थिक प्रस्ताव इ.ओ.आइ. माग गर्दा २३ करोड उल्लेख गरेको र प्रस्ताव २४ करोड ४० लाख ३० हजार ३३१ को सम्बन्धमा बजेट र प्रस्तावसँग तालमेल नमिलेको विषयमा कुनै उल्लेख नगरेको हुँदा निश्चित बजेट विधिको स्रोत सुनिश्चितताभन्दा बढी प्रस्ताव गरी खर्च गर्न नपाउने हुँदा ९६ लाख ८३ हजार ९४८ रुपैयाँ असुल गर्न महालेखाले भनेको हो।

पशु बधशालामै सार्वजनिक खरिद ऐन २०६३, को दफा ५५(२) मा एकमुष्ट (लमसम) कार्यसम्पन्न खरिद सम्झौतामा मूल्य समायोजन गर्न सकिने छैन भन्ने व्यवस्था विपरीत निर्माण व्यवसायी शिवशक्ति निर्माण सेवालेपशु बधशाला जाने सडक जमिन मिलाउने, जमिनमुनि पम्प हाउस निर्माणका लागि एकमुष्ट १ करोड १० लाख ३० हजार र अन्य विभिन्न उपकरण सामान पाँच लटको १८ करोड ४३ लाख ५१ हजार ४१२ रुपैयाँको सामान आपूर्ति र जडान गरेको १९ करोड ५३ लाख ८१ हजार ४११ रुपैयाँ (मुअकर र पिएस बाहेक ) भुक्तानी गरेको छ। निर्माण व्यवसायीले इ.पि.सी. मोडलमा एकमुष्ट र निश्चित बजेटबाट काम सुरु गरी मूल्य वृद्धि दिएको मु.अ.कर समेत १ करोड ८४ लाख ५७ हजार ३८० रुपैयाँ असुल गर्न महालेखाले भनेको छ।

यस्तै अर्थ मन्त्रालयले संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई पठाएको पत्रमा स्वीकृत दरबन्दीमा रहेका करार कर्मचारीहरुलाई दिन नसकिने व्यहोरा उल्लेख छ। तर करारमा नियुक्त ८० जना र स्वास्थ्यतर्फका ३४ जना समेत ११५ जना कर्मचारीहरुको महँगी भत्ताबापत २७ लाख ६० हजार खर्च लेखेको छ। अर्थ मन्त्रालयको परिपत्र विपरीत करार कर्मचारीलाई महँगी भत्ता बाँडेकोमा असुल गर्न महालेखाले भनेको छ। यस्तै उपमहानगरले भाडामा लगाएको सटर भाडाबापत ५ जना व्यवसायीबाट सम्झौता अनुसार ३१ लाख ६० हजार ७८४ रुपैयाँ रकम असुल गर्नुपर्ने छ।

यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ विपरित उपमहानगरले बट्यौली संग्रहालय ठेक्का नम्बर ८-०७७/०७८ को काम शिवशक्ति निर्माण सेवाबाट गराई नवौं बिलसम्मको ५ करोड ३५ लाख १९ हजार ३३५ रुपैयाँ भुक्तानी गरेको छ। उक्त काम पेस्कीबाट भएको कामको दिन नपाउनेमा नवौं बिलसम्म दिनुपर्ने रु.५७ लाख ५ हजार ३२७ रुपैयाँमा ८२ लाख ९३ हजार ६०९ रुपैयाँ दिएकोले बढी २५ लाख ८८ हजार २८२ रुपैयाँको भ्याट समेत गरी २९ लाख २४ हजार ७५८ असुल गर्नुपर्ने महालेखाले भनेको छ।

यस्तै बट्यौली म्युजियम शिवशक्ति निर्माण सेवाबाट सम्पन्न गराउँदा बढी लागत भार पर्नेगरी दर विश्लेषण गरी भुक्तानी दिइएकोमा फलामे र कंक्रिटको दोहोरो नापीको बढी भुक्तानी भएको २ लाख ९२ हजार ८०६ रुपैयाँ असूल गर्नुपर्ने भनेको छ। यस्तै रायमाझी प्रदीप जे.भी. बाट ड्रेन, फुटपाथ र बाटो निर्माण गरी ७२ लाख ७४ हजार २३५ भुक्तानी गरेकोमा स्टिल ५७५०८.५१ के. जी. र कंक्रिट ७.३३ घनमिटर दोहोरो देखिँदा प्रति घनमिटर ११ हजारका दरले ८० हजार ५८५ रुपैयाँ असुल गर्न महालेखाले भनेको छ।

यस्तै तिरुपति निर्माण सेवाबाट २ लाख २६ हजार ७८७, प्रदीप निर्माण सेवाबाट ५ लाख ८२ हजार २५५, रायमाझी एसियाटिकबाट १ लाख ३० हजार ३३८, प्रदीप निर्माणबाट ७ लाख ८३ हजार ८८४, थापा दासबाट ३ लाख २९ हजार ७१३, रायमाझी प्रदीप जेभीबाट ५ लाख ९९ हजार २२९, कर कट्टी नगरेको शीर्षकबाट १ लाख ५४ हजार ७४६ रुपैयाँ असुल गर्न भनिएको छ। प्रमाण पेश नभएको खर्चहरुमा परामर्शदातामा गरिएको खर्च सबैभन्दा धेरै छ।

कार्यालयका कर्मचारीबाट हुन सक्ने काममा पनि परामर्शदातालाई काम दिएर एक करोड १७ लाख ५० हजार खर्च गरिएको छ। उक्त खर्चको प्रमाण देखिने कागजपत्र नदेखिएको महालेखाले औंल्याएको छ। उप-महानगरपालिकाले योजना सफ्टवेयर, नब्य टेक्नोलोजी, सुदृष्टि निर्माण, आइडिया कन्सल्टेन्ट, वस्तु शिल्प, बजार विकास, सार्थक इञ्जिनियरिङ, दीप इञ्जिनियरिङ, अनन्त र मल्टी हार्मोनिकलाई ४ लाखदेखि १९ लाखसम्म रकम दिएको छ। यस्तै कालिका मानवज्ञान माविलाई भौतिक पूर्वाधार बनाउन दिएको ५० लाख रुपैयाँ अनुदानको पनि प्रमाण पेश नभएको महालेखाको प्रतिवेदनले औंल्याएको छ।

यस्तै सुरक्षित नागरिक आवासमा छनौट भएको ६१ लाभग्राहीको ६० प्रतिशतले हुने प्रतिव्यक्ति ४५ हजारका दरले ४७ लाख ४५ हजार निकासा गरेको छ। फुसको छानामुक्त भएको घर निर्माण अवस्था अनुगमन नभएकोले एकिन हुन नसकेको वस्तुगत अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने प्रमाण पेश नगरेको रकम २७ लाख ४५ हजार रुपैयाँ रहेको छ। यस्तै आरम्भ भिलेज कालोपत्रेका लागि २ करोड ११ लाख ८९ हजार ८३८ भुक्तानी गरेकोमा प्राप्त बिलमा रिलोकेटेड डाइभर्जन जस्ता काम पी.एस.मा राखी प्राविधिक मूल्याङ्कन खर्च लेखेको छ। उक्त काम इकाइ दरमा प्राविधिक जाँच र नापी किताब पेश गर्नुपर्ने र प्रमाण पेश नगरेको रकम खर्च १४ लाख ७२ हजार ५८४ देखिएको छ।

यस्तै पालिकाबाट अनुदान पाउने संस्थाले पाएको रकम कुन कुन कार्यमा खर्च गरेको खर्चको बिल भरपाइ र लेखापरीक्षण प्रतिवेदन पेश नगरेका संस्थाको बेरूजु रकम ६१ लाख ५० हजार रहेको छ। जसमा सन्तोषीमाता गुरुकुल विद्यालयलाई २० लाख, सुस्त मनस्थिति बाल मन्दिरलाई ६ लाख, साधना महिला विद्यालयलाई १२ लाख, बीपी कोइराला अध्ययन प्रतिष्ठानलाई ५ लाख, पृथ्वी नारायण शाह स्पोर्टस् प्रतिष्ठानलाई २ लाख ५० हजार, नेपाल मानवधर्म सेवा समितिलाई २ लाख, कालिका मानवज्ञान माविलाई ४ लाख, खेम ओमी पुन कल्याणकारी प्रतिष्ठानलाई ५ लाख र मानवसेवा आश्रमलाई १० लाख अनुदान दिइएको थियो।

यस्तै तिनाउ जलाधारको संरक्षण र सम्बर्द्धन गर्नको लागि विभिन्न फलफूलका बोट बिरुवा रोपण गर्ने, वातावरण स्वच्छ र सफा राखको लागि भन्दै तिनाउ गाउँपालिकालाई दिइएको १० लाख रुपैयाँ अनुदान दिएकोमा उक्त अनुदानबाट सम्झौताअनुसारको कार्य गरेको प्रमाण पेश नगरेको महालेखाको प्रतिवेदनमा छ। यस्तै देवदह नगरपालिकाको भलुही गौशाला व्यवस्थापन गर्न भन्दै दिइएको १० लाख ७० हजार ५ सय रुपैयाँको खर्चको पनि प्रमाण पेश भएको नभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

**महालेखाले के–के कमजोरी औंल्यायो ?**

नायब महालेखा परीक्षक घनश्याम पराजुलीका अनुसार बुटवल उपमहानगरपालिकाले ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था भए पनि बुटवलले लागू गरेको छैन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन, एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन, कार्यक्रमगत तथा योजनागत खाता र सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति प्रतिवेदन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा सोबमोजिमको मध्यकालीन खर्चको संरचनालगायतका विवरण अद्यावधिक गरेको छैन।

जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरण नगरेको र आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको नपाइएको नायब महालेखा परीक्षक घनश्याम पराजुलीले औंल्याएका छन्।

यस्तै ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता, संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता, वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना, सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार नगरेको महालेखाले औंल्याएको छ।

आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सामाजिक सुरक्षा तथा संरक्षण ४१,२३,६८,५९०।- र गरिबसँग विश्वेवर कार्यक्रम रु.४,५४,८६०।-, समेत रु. ४१ करोड २८ लाख २३ हजार ४५० रुपैयाँ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोवार सुत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्ने महालेखाले निर्देशन गरेको छ। पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ। गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४५ करोड २९ लााख २ हजार ७७३ रुपैयाँ मौज्दात रहेकोमा २०७९/०८० मा ५७ करोड ९९ लाख २२ हजार २१५ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा १२ करोड ७० लाख १९ हजार ४४२ रुपैयाँ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्न महालेखाले भनेको छ।

पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको महालेखाले औंल्याएको छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको महालेखाको ठहर छ। उक्त वर्ष सभाले पारित गरेका योजनामध्ये ७३१ योजनामात्र कार्यान्वयन भई ४१ योजना कार्यान्वयन हुन सकेको छैन। लक्ष्य प्रगति कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाइ पेश गर्नुपर्नेमा योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार नगरेको महालेखाले औंल्याएको छ।

# ३५.५५ अंकले बढ्यो नेप्से



काठमाडौँ। सोमबार २० अङ्कको गिरावट भए पनि मंगलबार नेप्से फेरि वृद्धि भएको छ। । नेपाल स्टक एक्सचेन्जका अनुसार मंगलबार नेप्से सूचक ३५.५५ अङ्कले बढ्दै २६९६.६५ विन्दुमा उक्लिएको हो।

क वर्गको सेन्सेटिभ इन्डेक्स समेत ३.२३ अङ्कले बढ्दै ४८५.३८ विन्दुमा उक्लिएको छ।

साढे ३५ अङ्कले नेप्से सूचक बढेको यस दिन १७ अर्ब २६ करोड ६३ लाख ९१ हजार रुपैयाँ बराबरको ४ करोड ३ लाख कित्ता सेयर दोस्रो बजारमा किनबेच भएको छ। हिमालय रिइन्स्योरेन्सको सबैभन्दा बढी ६० करोड १० लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ भने शिवम् सिमेन्टको ३७ करोड ६७ लाख रुपैयाँ बराबरको र सोल्टी होटल लिमिटेडको ३६ करोड ४३ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

बैंकिङ, म्युचुअल फण्ड, नन्लाइफ इन्स्योरेन्स र ट्रेडिङ समूहको उपसूचक ऋणात्मक भएका छन् भने बाँकी ९ वटा उपसूचक धनात्मक भएका छन्।

८१ कम्पनीको सेयर मूल्य बढ्दा जम्मा ८ वटा कम्पनीको मात्र सेयर मूल्य घटेको छ। प्रोगेसिव फाइनान्स, वरुण हाइड्रोपावर को.लिमिटेड र नेपाल वेरिङ्गहाउस लिमिटेडको सेयर मूल्य आज १० प्रतिशतले बढेको छ भने आज एसियन हाइड्रोपावर लिमिटेडको सेयर मूल्य १० प्रतिशतले घट्न पुगेको छ।

# धुर्कोटका पाँच सय ५९घरमा खानेपानीको व्यवस्था

गुल्मी। धुर्कोट गाउँपालिका-३ हाडहाडेमा सञ्चालित ठूलामूल लिफ्टिङ खानेपानी आयोजनाबाट पाँच सय ५९ घरमा खानेपानी सुविधा उपलब्ध भएको छ।

आर्थिक वर्ष २०७६/७७ मा सुरु भएको उक्त योजना हालै सम्पन्न भएको हो। एउटै आयोजनाबाट यति धेरै घरमा शुद्ध पेयजलको व्यवस्था भएको धुर्कोट पालिकाको यो पहिलो ठूला खानेपानी आयोजना हो। आयोजनाबाट हाडहाडेका मोटिखर्क, निन्यूखर्क, पाथ्थरपानी, अबुवा, सिर्बु, मोरमारेलगायत टोलका बासिन्दा लाभान्वित भएका छन्।

आयोजनाबाट झण्डै दुई हजार दुई सयभन्दा बढी अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। सैनिक प्रावि, वडा कार्यालय, स्वास्थ्य चौकीलगायत संस्थाहरुमा यसै आयोजनाको पानी उपलब्ध गराइएको छ। दैनिक रुपमा घरमै पानी आएपछि स्थानीयको दैनिकी फेरिएको छ। “पहिले-पहिले एक घण्टा हिँडेर पानी लिन जानुपर्थ्यो,” स्थानीय ६८ वर्षीया मनकुमारी थापाले भनिन्-“अहिले घरमै पानी आउँदा सहज भएको छ।” पहिले खेताला लगाएर पानी ल्याएको उनले बताइन।

ठुलामूल खानेपानी उपभोक्ता समितिका सचिव नीरबहादुर घमले आयोजना सम्पन्न गर्न रु चार करोडभन्दा बढी खर्च भएको बताए। आयोजना सम्पन्न भएसँगै हाडहाडेका पाँच सय ५९ घरमा धारा जडान भएका छन्। धुर्कोट गाउँपालिकामा पाँच हजार तीन सय ८२ घर छन्। हाल पालिकाका अधिकांश घरमा स्वच्छ पानीको सुविधा उपलब्ध छ।

# कलौनी चोकमा गौतमबुद्ध स्मारक पार्कको निर्माण कार्य सुरु



**अनिता चौधरी**

*सैनामैना*

सैनामैनाको कलौनी चोकमा गौतमबुद्ध स्मारक पार्कको निर्माण कार्य सुरु गरिएको छ।

दुधराक्ष युवा क्लबको पहलमा सैनामैना नगरपालिका वडा नं. ६ स्थिति कलौनी चोकमा भगवान गौतमबुद्धको स्मारक पार्क बनाउन सुरु गरिएको हो।

मंगलबार सैनामैना नगरपालिकाका मेयर फणीन्द्रप्रसाद शर्माले गौतमबुद्ध स्मारक पार्क निर्माण कार्यको शिलान्यास गरे । उनले शान्तिको प्रतीक बुद्धको सन्देश दिन बुद्ध पार्कले लुम्बिनी र सैनामैनाको प्रचारप्रसारमा सहयोगी बन्ने बताए।

गौतम बुद्ध स्मारकपार्कले सैनामैनालाई लुम्बिनीसँग जोड्ने हुनाले पार्क निर्माणमा नगरपालिकाले साझेदारी गर्ने प्रतिबद्धता आवश्यक सहयोग रहने समेत नगरप्रमुख शर्माको भनाइ छ।

उनले भने-'पूर्वपश्चिम राजमार्ग आवतजावत गर्ने यात्रुलाई लुम्बिनी जान पार्कले प्रेरित गर्नुका साथै लुम्बिनी पुग्न यात्रीका लागि सहज हुनेछ । पर्यटकहरु सैनामैना हुँदै लुम्बिनी आवतजावत गर्दा आर्थिक गतिविधि चलायमन हुने व्यापार बढ्ने, धार्मिका सहिष्णुता कायम हुने र पर्यटन विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने छ।'

गौतमबुद्ध स्मारक पार्क निर्माणले सैनामैनाको आकर्षण र विकासमा ठूलो आयम थप्ने सैनामैना नगरपालिकाका उपप्रमुख विना रानाले बताइन। उनले सबैको साझा प्रयासले सानोदेखि ठूलो काम गर्न सकिने उदाहरण दुधराक्ष युवा क्लबले दिएको बताइन।

लुम्बिनी प्रदेश पूर्व सांसद फकारुदिन खानले दुधराक्ष युवा क्लब यो सानो प्रयासले यस ठाउँ विकासको उचाइलाई माथि पुऱ्याउने विश्वास व्यक्त गरे।

विश्वसामु परिचीत शान्तिका अग्रदुत गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई अध्यात्मिक र धार्मिक स्थलको रुपमा पर्यटकहरु धर्म र यात्रा गर्न आउने हुनाले बुद्ध पार्कले सैनामैनालाई लुम्बिनीसँग जोड्दा पर्यटकहरु सैनामैनासम्म आउने वातावरण सिर्जना हुने हुनाले नगरको धार्मिक र पर्यटन विकास हुने विश्वास उनले व्यक्त गरे।

कार्यक्रममा सैनामैना नगरपालिकाका पूर्व नगरप्रमुख चित्रबहादुर कार्की, मानवअधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय अध्यक्ष गोविन्द खनाल, सैनामैना नगरपालिका वडा नम्बर ६ का अध्यक्ष गोपाल पोखेलले बोल्दै आफ्नो ठाउँ आफैं बनाउ भन्ने अभियानमा लाग्यौ भने पक्कै पनि सफल बनिन्छ भने एक उदाहरण दुधराक्ष युवा क्लबले स्थापित गरेको बताएका थिए। सन्देश बोकेको यस कार्यक्रमले सैनामैनाको समग्र विकासको निम्ति सबैजना एकजुट छन् भन्ने सन्देश दिएको उनको भनाइ थियो। लुम्बिनीको नजिकमा रहेको सैनामैनाको विकासमा यो बुद्ध स्मारक पार्कले पर्यटन विकास र समग्र सैनामैनाको विकासमा टेवा पुग्ने उनले बताए। स्मारक निर्माणको लागि लुम्बिनी बिकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामाले भगवान बुद्धको मूर्ति निर्माण गर्नका लागि आर्थिक सहयोग गरेका हुन्। बौद्ध स्मारकमा भगवान बुद्धको मूर्ति निर्माण गर्नका लागि १ लाख ५० हजार रुपैयाँ प्रदान समेत उनले गरेका छन्।

२२ लाख रुपैयाँको लागतमा निर्माणको जिम्मा पाएको पर्रोहा बिल्डर्सले डेढ महिनामा निर्माण सप्पन्न गर्ने दुधराक्ष युवा क्लबका अध्यक्ष किरण पोखेलले जानकारी गराए।

स्मारक १८ फिटको गोलाआकारको हुने छ भने बीचमा नेपालको राष्ट्रिय झण्डासहित विश्व शान्तिका अग्रदुत भग्वान गौतमबुद्ध मूर्ति रहने छ। उक्त स्मारकको डीपीआर ई. उमेश काफ्लेले बनाएका हुन्।

शिलान्यास कार्यक्रम क्लबका उपाध्यक्ष सुनिल पोखेलको स्वागत तथा सचिव पदम पाण्डेको सञ्चालनमा सप्पन्न भएको थियो।

# नागरिक समाजद्वारा नगरपालिकालाई ७ बुँदे ज्ञापन पत्र

**गोविन्द घर्ती**

*देवदह*



रुपन्देही नागरिक समाज देवदह इकाईले विभिन्न विषय समेटेर देवदह नगरपालिकालाई ज्ञापन पत्र बुझाएको छ।

नागरिक समाज देवदहका अध्यक्ष जयकिशन अधिकारी र सचिव रमेश पोखरेलद्वारा हस्ताक्षरीत ७ बुँदे ज्ञापन पत्रमा नगर अस्पतालमा स्वास्थ्य बिमाको पहिलो केन्द्र विन्दु भए पनि प्राप्त मात्रामा औषधि उपलव्ध नभएको उल्लेख गरिएको छ।

यसैगरी सामुदायिक विद्यालय तहमा अंग्रेजी शिक्षाको नाममा विद्यार्थीहरुबाट रकम असुलीरहेको र देवदह नगरपालिकामा कार्यरत कर्मचारीहरुले वार्षिक रुपमा १७ महिनाको तलब खाएको बारे स्पष्ट पार्न नगरपालिकालाई ज्ञापन पत्रमार्फत् आग्रह गरिएको छ। आधारभूत स्वास्थ्य संस्थामा निःशुल्क स्वास्थ्य सेवा र विद्यालय तहमा निःशुल्क शिक्षा प्राप्त गर्न पाउने नागरिकको मौलिक हक प्रत्याभूति गराउन ज्ञापन पत्रमार्फत् माग गरिएको छ। आमनागरिकले तिरेको राजस्वबाट विभिन्न वहानामा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गरेर नगरपालिकाले चरम दोहन गरेको भन्दै अविलम्ब अन्त्य गर्न आग्रह गरिएको छ।

नीतिगत भ्रष्टचार रोक्नु पर्ने उल्लेख गर्दै नगरवासीको अभिभावक बनेर आफ्नो भूमिका निर्वाह गर्न लाग्नु पर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ। ज्ञापन पत्रमा २७ जना कर्मचारीले वर्षमा १७ महिना तलब बुझेको नबुझेको नागरिकलाई यर्थात् जानकारी दिनु पर्ने, बुटवल-नारायणगढ सडक खण्डअन्तर्गत देवदह क्षेत्रको सडक समयमा नबनेके हुँदा नागरिकले सास्ती व्यहोर्न बाध्य भएको भन्दै स्थानीय सरकार मुखदर्शक भएर बसेको, नगर अस्पतलाको भवन तत्काल निर्माण नहुँदा नागरिकले दुःख पाएको बताउँदै भवन तत्काल निर्माण गर्नुपर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ। यसैगरी नगरपालिकाले निर्माण गरेको कोसेली भवन तत्काल उपयोगमा ल्याउनु पर्ने, अव्यवस्थित बसोवास र सुकुम्बासी समस्या चुनावी घोषणा पत्रमा उल्लेख नगरी तत्काल समाधान गर्ने गरी नगरपालिका लाग्नुपर्ने उल्लेख गरिएको छ।

रुपन्देही नागरिक समाज देवदह इकाइले बुझाएको ज्ञापन पत्र बुझ्दै देवदह नगरपालिकाका नगर प्रमुख ध्रुवप्रसाद खरेलले देवदह नगरपालिकाले कर्मचारीहरुलाई कानुन संवत प्रोत्साहन भत्ता उपलब्ध गराएको जानकारी दिए। उनले विगतका वर्षमा २० देखि ४० प्रतिशत सम्पूर्ण कर्मचारीले खाने गरेकोमा यस वर्षदेखि अतिरिक्त काम गर्नेलाई मात्र प्रोत्साहन भत्ता उपलब्ध गराएको जानकारी दिए। नगर प्रमुख खरेलले नगर अस्पताल र स्वास्थ्य संस्थाबाट अत्यावश्यक औषधि उपलब्ध गराउने गरी नगरपालिका लाग्ने प्रतिबद्धता व्यक्त गरे।

रुपन्देही नागरिक समाज देवदह इकाइका अध्यक्ष जयकिशन अधिकारीको नेतृत्वमा गएको टोलीमा नागरिक समाजका पदाधिकारी, सदस्यहरुको सहभागिता रहेको थियो।

**११ र १२ को कक्षा बिहानी सत्रमा सञ्चालन गर्न ध्यानाकर्षण**

पूर्वी क्षेत्र निजी विद्यालय एशोसियनले कक्षा ११ र १२ को कक्षा बिहानी सत्रमा सञ्चालन गर्ने गरी देवदह नगरपालिकालाई ध्यानाकर्षण गराएको छ। देवदह क्षेत्रको शिक्षाको विकासमा निजी विद्यालयहरुको योगदान महत्वपूर्ण रहेको भन्दै कक्षा ११ र १२ को दिवा सत्रमा संचालन गर्दा देवदह क्षेत्रका विद्यार्थी अन्यत्र गएको भन्दै नगरपालिकालाई ७ बुँदे ध्यानकर्षण पत्र बुझाएको छ।

देवदह नगरपालिकाका नगरप्रमुख ध्रुवप्रसाद खरेल, उपप्रमुख विद्यालक्ष्मी गुरुङ्ग र प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटालाई इप्साले ध्यानाकर्षण पत्र बुझाउँदै संविधानको धारण ३१ को शिक्षासम्बन्धी हक बमोजिम बालबालिकाको पढ्न पाउने अधिकार र धारा ४४ को वस्तु तथा सेवा रोज्ने अधिकारलाई समेत नगरपालिकाले कुण्ठित गर्दै दिवा सत्रमा सञ्चालन गर्ने निर्देशनले विद्यार्थीहरुको नैसर्गिक अधिकारविरुद्ध रहेको उल्लेख गरिएको छ।

इप्सा रुपन्देहीका अध्यक्ष रामबहादुर गुरुङ्ग र सचिव विनोद थापाद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा देवदह क्षेत्रमा विद्यार्थी अनुकुल शिक्षाको वातारवण बन्न नसक्दा देवदहका अधिकांश विद्यार्थीहरु कक्षा ११ र १२ को शिक्षा आर्जन गर्न देवदह बाहिर जान बाध्य भएको उल्लेख गर्दै विद्यार्थी संख्या न्यून हुँदै गएपछि कतिपय विद्यालय बन्द गर्नुपर्ने अवस्थामा पुगेको भन्दै नगरपालिकाको ध्यानाकर्षण गराएको छ। देवदह नगरपालिकाले गरेको अलोकप्रिय निर्णय पुनःविचार गरी पाठ्यभार अनिवार्य पूरा गर्नुपर्ने सर्तमा बिहानी सत्रमा कक्षा सञ्चालन गर्ने वातावरण तयार गर्न नगरपालिकालाई आग्रह गरिएको छ। ध्यानाकर्षण पत्रमा विद्यार्थीहरु अन्यत्र गएको र देवदह क्षेत्रमा विद्यार्थीहरुको संख्या घट्दै गएको, कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरु कमाउँदै अध्ययन गर्ने वातावरण नभएको, विद्यार्थीहरु नगर बाहिर अध्ययन गर्न जाँदा देवदह क्षेत्रको पुँजी बाहिर गएको, बिहानी कक्षा सञ्चालन गर्दा दिवा समयमा विभिन्न सीप विकासबाट वञ्चित हुनु परेको उल्लेख गरिएको छ।

ध्यानाकर्षण पत्र बुझ्दै नगरप्रमुख ध्रुवप्रसाद खरेलले कार्यपालिकाको बैठकले निर्णय गरी कार्यान्वयनमा आएकोले तत्काल बिहानी सत्र सञ्चालन गर्न नसकिने बताए। उनले जिल्ला समन्वय समिति रुपन्देहीले गरेको निर्णयलाई आफूहरुले कार्यान्वयन मात्र गरेको बताउँदै कानुनी रुपमा अगाडि बढ्ने जनाए। उनले पूर्वी क्षेत्र निजी विद्यालय एशोसियनले बुझाएको ध्यानाकर्षण पत्रलाई शिक्षा समिति र कार्यपालिका बैठकमा लगेर छलफल गर्ने प्रतिबद्धता जनाए। अध्यक्ष रामबहादुर गुरुङ्गको नेतृत्वमा गएको टोलीमा इप्सा रुपन्देहीका सल्लाहकार कृष्णप्रसाद पौडेल, एकनारयण काफ्लेलगायतको उपस्थिति रहेको थियो।

# स्याङ्जामा सार्वजनिक जग्गा संरक्षण अभियान



**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले अतिक्रमण भएका सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्ने अभियानको थालनी गरेको छ। अतिक्रमण भएका त्यस्ता जग्गाको छानबिन गरी सरकारको स्वामित्वमा ल्याउन गृह मन्त्रालयको निर्देशनअनुसार जिल्लामा संरक्षणको थालनी गरीएको हो।

सार्वजनिक जग्गाहरु व्यक्तिले अतिक्रमण गरेको भन्ने गुनासा र उजुरीहरूका आधारमा जिल्ला प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय सरकारका जनप्रतिनिधिसहितको टोली र स्थानीयसँगको सहकार्यमा अतिक्रमित जग्गा स्थलगत अनुगमन गरी संरक्षण गर्ने अभियानको सुरुवात पुतलीबजार नगरपालिकाबाट गरिएको छ।

जिल्ला प्रशासनसहित सुरक्षा समिति र स्थानीय सरकार पुतलीबजार नगरपालिकाले वडा नं. १३ मा रहेको ५० रोपनीभन्दा बढी अतिक्रमित सार्वजनिक जग्गा सरकारी स्वामित्वमा ल्याएर संरक्षण गरिएको छ। सार्वजनिक जग्गामा पिल्लर गाडेर सिमाना छुट्टाउने काम गरिएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ।

सरकारी तथा सार्वजनिक सम्पत्ति जोगाउनु राज्यको दायित्व हो। त्यसैले उक्त कामको थालनी गरीएको स्याङ्जाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिइन्। यो क्रम अब जिल्लाभर लागू हुने प्रजिअ नेपालले बताइन्। अहिले संरक्षण गरिएको जग्गा सशस्त्र प्रहरीको ३० नम्बर गुल्मलाई उपलब्ध गराउने तयारी समेत थालिएको प्रशासनले जनाएको छ। २२ वर्षदेखि वालिङमा टहरा निर्माण गरेर सशस्त्र प्रहरीले सुरक्षा दिँदै आएको छ। जग्गाको व्यवस्थापन नहुँदा निकै कष्टकररुपमा नागरिकको सुरक्षामा खटिन सशस्त्र प्रहरी बाध्यकारी थियो।

**समानुपातिकले...**

उनले कुनै कारण विना नै सरकारले पदमुक्त गर्ने कुरा गलत भएको जनाए। 'अहिले मात्रै होइन, विगतदेखि नै गलत अभ्यास भइरहेको छ, संविधानको उल्लघन वा प्रदेश प्रमुखले विधि मिचेको भए पो पदमुक्त गराउने हो,' शेरचनको प्रश्न छ -'विनाकारण पदमुक्त गर्ने निर्णय अब सच्याउनुपर्छ।'

उनले प्रदेशको सरकार गठनमा प्रदेश नै निर्णायक हुनुपर्ने बताए। 'केन्द्रमा समिकरण फेरिने कुरा एउटा हो, तर प्रदेशको आफ्नै छुट्टै अस्तित्व र परिवेश हुनसक्छ।'- उनले भने। उनले प्रदेशको मन्त्री पनि केन्द्रले टुग्याउने परिपाटी गलत भएको बताए।

शेरचनले आफ्नो ३ वर्षे लुम्बिनी बसाई निकै सौहार्दपूर्ण रहेको बताए। उनले आफूले प्रदेश प्रमुखका रुपमा रहँदा कार्यालयलाई सुव्यवस्थित बनाउने काम गरेको दाबी गरे। ३ वर्षको अवधिमा१५ वटा विधेयकहरु प्रमाणिकरण गरेको जनाए। निजामती र प्रहरी ऐन प्रमाणिकरण गर्न पाउनु आफ्नो कार्यकालको सबैभन्दा खुशीको क्षण रहेको उनले बताए। त्यस्तै शेरचनले प्रदेशलाई आर्थिक रुपमा सबल बनाउनका लागि खनिज पदार्थको पहिचान र उत्खनन् गर्नुपर्ने चाहना भए पनि त्यो कुरा पुरा हुन नसकेको औंल्याए। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले लुम्बिनीमा नेपाली कांग्रेसका पूराना नेता कृष्णबहादुर घर्तीमगरलाई नियुक्त गर्ने निर्णय गरेको छ।

# नेपाल आदर्श 'उत्कृष्ट शैक्षिक संस्था सम्मान' बाट सम्मानित



स्याङ्जा। स्याङ्जाको वालिङमा निजी क्षेत्रबाट सञ्चालित नेपाल आदर्श माध्यमिक विद्यालय सम्मानित भएको छ। एसईई नतिजामा उत्कृष्ट नतिजा दिन सफल भएको र राष्ट्रिय परीक्षा बोर्डको सिफारीसका आधारमा नेपाल आदर्श माविलाई 'उत्कृष्ट शैक्षिक संस्था सम्मान २०८१' बाट सम्मानित भएको हो।

चन्द्रलोक प्रतिष्ठानले सातै प्रदेशका उत्कृष्ट विद्यालयलाई सम्मान गर्नेक्रममा स्याङ्जाबाट आदर्श मावि सम्मानित भएको छ। विद्यालयका प्रिन्सिपल होमकान्त गौतमलाई पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल र पूर्व मन्त्री तथा प्रतिनिधिसभा सदस्य अर्जुन नरसिंह केसीले संयुक्त रुपमा सम्मान गरेका हुन्।

२०५४ सालमा स्थापना भएको विद्यालय गण्डकी प्रदेशमै उत्कृष्ट बन्न सफल भएको छ। प्रविधिमैत्री, प्रतिस्पर्धी र क्षमतावान शैक्षिक जनशक्ति उत्पादन गर्दै आएको आदर्श माविले २०८० मा दिइएको एसईई परीक्षामा जिल्लामा मात्रै नभएर गण्डकी प्रदेशमै उत्कृष्ट नतिजा दिन सफल भएको थियो। एसईई परीक्षामा उत्कृष्ट नतिजा दिन सफल भएको भन्दै चन्द्रलोक प्रतिष्ठान काठमाडौँले मंगलबार एक कार्यक्रममा विद्यालय र प्रिन्सिपललाई सम्मान गरेको थियो। भौतिक पूर्वाधार, प्रविधि व्यवस्थापन र गुणात्मक शिक्षाको संयोजनमा गण्डकी प्रदेशमै स्थापित बनेको आदर्श मावि जिल्लामै धेरै विद्यार्थी अध्यापन गर्ने र गराउनेमा पर्दछ।

प्रतिष्ठनले देशभक्त, अदर्शवान र नैतिकवान शैक्षिक जनशक्ति उत्पादनमा निरन्तर अग्रणी भुमिका खेल्न सफलता मिलोस भन्दै 'उत्कृष्ट शैक्षिक संस्था २०८१' बाट सम्मान गरेको प्रतिष्ठानका अध्यक्ष सीताराम कार्कीले जानकारी दिए। उनका अनुसार सातै प्रदेशका १९ विद्यालय उत्कृष्ट शैक्षिक संस्थाको छनोटमा परेका थिए। सबै विद्यालय र प्रिन्सिपलहरुलाई सम्मान गरिएको कार्कीले बताए। सामाजिक उत्तरदायित्वमा काम गर्दै आएको प्रतिष्ठनले शैक्षिक उन्नयनमा योगदान दिन सफल भएका विद्यालयहरुलाई मापदण्डका आधारमा सम्मान गर्दा थप हौसला प्रदान हुने विश्वास व्यक्त गरे।

यो सम्मानले विद्यालयलाई अझैं थप जिम्मेवारी र गुणस्तरीय शिक्षाको बोझ थपिएको विद्यालयका प्रिन्सिपल होमकान्त गौतमले बताए।

शिक्षामा देखिएको चुनौतीलाई सामाना गर्दै गुणस्तरमा अझैं निखार ल्याउने प्रतिबद्धता प्रिन्सिपल गौतमको थियो। झण्डै २१ सय विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा झण्डै १ सय ५० जनाले रोजगारी समेत पाएका छन्। विद्यालयले आगामी दिन प्राविधिक उत्पादन हुने शिक्षा लागू गर्नेगरी अगाडि बढेको बताएको छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**नाचगानमा रमाउँदै ज्येष्ठ नागरिक:**
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित ज्येष्ठ नागरिक दिवा केन्द्रमा मङ्गलबार वाध्यबाधन बजाएर नाचगान गर्दै स्थानीय ज्येष्ठ नागरिक। तस्विरः कुलदीप न्यौपाने/रासस

# पूर्व पदाधिकारी र सदस्यसँग छलफल



बुटवल । उद्योग व्यापार संघ बुटवलले संघका पूर्व पदाधिकारी र कार्यसमिति सदस्यहरुसँग छलफल र अन्तरक्रिया गरेको छ । साउन १५ को अवसरमा संघ सचिवालयमा भएको छलफलमा संघलाई कसरी अघि बढाउने र थप उचाइमा पुऱ्याउने सम्बन्धमा पूर्व पदाधिकारी र सदस्यबाट राय सुझाव लिने उद्देश्यले कार्यक्रम गरिएको हो ।

सो अवसरमा बोल्दै संघका अध्यक्ष विष्णुप्रसाद पाण्डेले पूर्व पदाधिकारी र सदस्यहरुको योगदान र भूमिका अतुलनीय र अविस्मरणीय रहेको चर्चा गर्दै उनीहरूकै कारण संस्था अहिलेको अवस्थामा आउन सफल भएको र यसलाई थप सुदृढ र व्यवस्थित बनाउन छलफल गरिएको बताए। संघको पहुँच अहिले स्थानीयदेखि प्रदेश र केन्द्रसम्म पुगेको,प्रत्येक क्षेत्रमा संघको सहभागिता हुँदै आएको र उद्योगी व्यवसायीका समस्या समाधानमा अरु संस्थाभन्दा एक कदम अगाडि रहेकोले संस्थाप्रति आकर्षण बढेको उनले जनाए । अध्यक्ष पाण्डेले संघको आर्थिक अवस्था मजबुद बनाउन आजीवन सदस्य विस्तार गर्ने योजनामा साथ दिन सबैसँग अनुरोध गरे ।

संघका पूर्व वाणिज्य उपाध्यक्ष एवं हालका सल्लाहकार ज्योति भण्डारीले सदस्यता विस्तार, उनीहरूका समस्या समाधानमा कटिबद्ध हुन्, संस्थाको ब्रान्डिङ गर्न र सचिवालय भवन निर्माणलाई प्राथमिकता दिन सुझाव दिए।

सो अवसरमा वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी, उद्योग उपाध्यक्ष पदम जिसी, महिला उपाध्यक्ष अञ्जु पाण्डे, महासचिव यमलाल मरासिनी, सचिव कोशलराज भण्डारीलगायतले सचिवालय भवन, २०८२ सालमा उद्योग व्यापार संघ बुटवलले आयोजना गर्ने औद्योगिक प्रदर्शनी र सदस्यता विस्तारलाई केन्द्रमा रोखर अघि बढ्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा संघका पूर्व वाणिज्य उपाध्यक्ष सीताराम रसाइली, पूर्व सचिव नेत्र रूचाल, पूर्व सचिव माधव पौडेल, पूर्व कोषाध्यक्ष बाबुराम आचार्य र बाबुलाल पाण्डे, पूर्व कासस जीवलाल पौडेल, विष्णु पाण्डे, पूर्व सचिवालय सदस्य भरत केसीलगायतले संघको वर्तमान कार्यसमितिले पूर्व पदाधिकारी र सदस्यलाई नभुल्न आग्रह गर्दै आफूहरुले जन्माएको र हुर्काएको संस्थाको प्रगतिका लागि आफूहरु सधैँ सक्दो योगदान गर्न तयार रहेको बताएका थिए। उनीहरुले अरु संस्था जस्तो राजनीतिक रुपमा गन्ध आउने नभई सबै विचारमा आस्था राख्ने उद्योगी व्यवसायीको साझा संस्था बनाउन सुझाव दिएका थिए।

# मोतीपुर खानेपानीमा तालाबन्दी,सामान खरिदमा अनियमितता आरोप



बुटवल । नियम विपरीत सामान खरिदमा संलग्नमाथि कारबाहीको माग गर्दै मोतीपुर खानेपानी तथा सरसफाइ संस्थामा तालाबन्दी भएको छ। बेथितिविरुद्ध सचेत नागरिक अभियानको नेतृत्वमा तालाबन्दी भएको हो। उनीहरुले अध्यक्ष जंगबहादुर खत्रीको कार्यकक्षमा तालाबन्दी भएको हो।

खानेपानी संस्थामा आवश्यक पर्ने सामान खरिद गर्दा ५ लाख माथिका सामानको हकमा कोटेसन माग गरेर टेण्डर प्रकृयामा जानुपर्नेमा अध्यक्षलगायत पदाधिकारी र कर्मचारीको मिलेमतोमा १८ लाख ५३ हजार रुपैयाँको विभिन्न सामान खरिद गरेपछि विवाद भएको हो।

सामान खरिदपछि आएको बिल भुक्तानीका लागि कोषाध्यक्ष कृष्ण नेपालीले चेकमा हस्ताक्षर गर्न नमानेपछि अनियमितता बाहिरिएको थियो। अनियमितता छानविन गर्न जोगबहादुर खत्रीको संयोजकत्वमा छानविन समिति समेत बनेको खोमराज ढकालले बताए।

उपभोक्ताहरुले एक धारा एक मतदाता प्रतिनिधि हुनुपर्ने र प्रत्यक्ष चुनाव हुनुपर्ने आफूहरुको माग भए पनि १० धारा बराबर एक प्रतिनिधि चयन गर्ने नियम बनाएर आफू अनुकूल व्यक्तिलाई प्रतिनिधि बनाएर चुनाव जित्ने प्रपञ्च गरिएकाले त्यो खारेज हुनुपर्ने पनि आफूहरुको माग रहेको स्थानीय विजय ढकालले जनाए।

आफूहरुको माग र तालाबन्दीलाई नेकपा माओवादी केन्द्र र स्वतन्त्र नागरिक तथा उपभोक्ताले साथ दिएको ढकालले बताए। संस्थाका अध्यक्ष जंगबहादुर खत्रीले छानविन समितिले प्रतिवेदन सार्वजनिक गरिसकेको र सामान खरिदमा भ्रष्टाचार नभएको, तर प्रक्रियामा त्रुटी भएको संस्थाले स्वीकार गरिसकेकाले मिलेर जानुपर्ने बताए। संस्थामा ४२ सय उपभोक्ता छन्।

# एक्लै चुनाव लड्ने माओवादी निर्णय

बुटवल । नेकपा माओवादी केन्द्रले आगामी चुनाव एक्लै लड्ने निर्णय गरेको छ। शुक्रबारदेखि केन्द्रीय मुख्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठकले आगामी २०८४ को चुनाव एक्लै लड्ने निर्णय गरेको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए।

पाँच दिनसम्म चलेको बैठक समापन गर्दै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एक्लै चुनाव लड्ने निष्कर्ष सुनाएका हुन्। सरकारबाट हट्नुपर्ने परिस्थितिले एक्लै चुनाव लड्ने तयारी गर्न अवसर समेत मिलेको प्रचण्डले बताएका छन्।

यसअघि चुनावी गठबन्धन गर्दा पार्टीको विचार र सिद्धान्तहरु जनतामा लैजान अप्ठ्यारो परेको उनले बताए। तर एक्लै चुनाव लड्दा पार्टीको कुरा जनतामा राख्न सकिने अवसर मिल्ने निष्कर्ष समेत बैठकले निकालेको छ।

बैठकले वामपन्थी सहकार्य र एकताको पहलकदमी पनि नछोड्ने पनि निर्णय गरेको छ। 'देशभक्त र अग्रगामीहरुको संयुक्त मोर्चा पनि बनाउनुपर्छ, साथसाथै कम्युनिष्ट पार्टीको पुनर्गठनका निम्ति निरन्तर निरन्तर गरिरहनुपर्छ।'-उनले भने।

फ्याट भाडामा
बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ सहितको भुई तल्लाको फ्याट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला।
सम्पर्क नं.
९८५७०३६७४९, ९८४७०८२०२१

HYDRABADI
DUM BIRYANI
Quality Lasi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com